## तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।११।२७ गतेको बैठकका निर्णयहरुः

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।११।२७ गतेको बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको सम्बन्धमा समिक्षा गरियो । निर्णय कार्यान्वयनलाई आगामी दिनमा प्रभावकारी बनाउन सबैले पहल गर्ने निर्णय समेत गरियो ।

२. आगामी आ.व. २०८२/८३ का लागि संघीय समपुरक अनुदान तर्फ तपशिल अनुसारको योजना प्राथमिकताको आधारमा माग गर्ने निर्णय गरियो ।

| क्र. सं. | योजनाको नाम | लागत रकम रु. | प्राथमिकता क्रम | नयाँ/ क्रमागत | संघीय सरकारबाट माग गर्ने रकम | स्थानीय तहबाट लागत साझेदारी |
|---|---|---|---|---|---|---|
| १ | चरचररे देखि वडा नं. ५ को वडा कार्यालय हुँदै विस्कुन डाँडा भक्तेछाप जोडने सडक स्तरउन्नती, वडा नं. ५ | ३,००,००,०००।- (तिन करोड) | १ | नयाँ | १,५०,००,०००।- (एक करोड पचास लाख) | १,५०,००,०००।- (एक करोड पचास लाख) |
| २ | मस्याम माध्यमिक विद्यालयमा छात्राबास भवन निर्माण, वडा नं. ६ | २,००,००,०००।- (दुई करोड बिस हजार) | २ | नयाँ | १,००,००,०००।- (एक करोड) | १,००,००,०००।- (एक करोड) |
| ३ | खुलखुले पार्क भौतिक पूर्वाधार निर्माण, वडा नं. ३ | २,००,००,०००।- (दुई करोड बिस हजार) | ३ | नयाँ | १,००,००,०००।- (एक करोड) | १,००,००,०००।- (एक करोड) |

३. तिनाउ गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा ५० प्रतिशत अनुदानमा खानेपानी पाइप वितरण आगामी कार्यपालिका बैठकमा छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

४. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) ले मिति २०८१।११।१५ गते प्रकाशित गरेको सूचना अनुसार यो गाउँपालिका सहभागी इच्छुक रहेकोले उक्त कार्यक्रमसँग सम्बन्धित तपसिल अनुसारका प्रतिवद्धताहरु व्यक्त गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहकार्यमा सहभागितामुलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधारसम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

ख) स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन र विधि अवलम्बन गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

घ) वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा विनियोजन गर्न प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

ङ) पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

च) स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अध्यावधिक गर्ने र सो जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

५. औषधी खरिदको लागि अपुग रकम रु. ३ लाख रकम लागत साझेदारीका लागि आवश्यक रकमबाट स्रोत सुनिश्चितता गरी विद्युतीय खरिद प्रक्रियाबाट औषधी खरिद गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिकाको दोभान खोला र झुम्सा खोलाबाट ढुङ्गा, गिट्टी तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन गर्ने कार्यको संशोधित प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

७. तिनाउ गाउँपालिकाको दोस्रो चौमासिक समिक्षा मिति २०८१।१२।१७ गते गर्ने निर्णय गरियो ।

८. तिनाउ गाउँपालिकाको दोस्रो सार्वजनिक सुनुवाइ कार्यक्रम २०८१।१२।२२ गते गर्ने निर्णय गरियो ।

९. आर्थिक वर्ष २०८२/८३ मा संघ तथा प्रदेश सरकारसँग माग गर्ने योजनाहरु आगामी कार्यपालिका बैठकमा लागत अनुमान सहित पेश गरी छलफल गर्ने निर्णय गरियो ।

१०. तिनाउ गाउँपालिका वडा नं. २ का गणेश टोल झोलङ्गे पुल, झ्याङ्ला झोलङ्गे पुल र खहरे झोलङ्गे पुल र वडा नं. १ को झुसिले घाट झोलङ्गे पुल मर्मत गर्न लागत अनुमान तयार गर्ने कार्यका लागि इन्द्रेणी समाजलाई कार्यदिश दिने निर्णय गरियो ।

११. आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण गर्न बजेटको पूर्वतयारी तथा सरोकारवालाहरुसँगको छलफल मिति २०८१।१२।१९ गते गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो ।

१२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नीति, योजना तथा बहुपक्षीय समन्वय शाखाको प.सं. २०८१/८२ च.नं. १४८ मिति २०८१।११।२३ गतेको सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा लेखिएको पत्र अनुसारका कार्यक्रम सञ्चालन गर्न तिनाउ गाउँपालिका इच्छुक रहेकोले उक्त कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि लागत साझेदारी सहितको सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।११।२७ गतेको बैठकका निर्णयहरुः**

१३. तिनाउ गाउँपालिकाका उपाध्यक्षज्यूले कार्यपालिका बैठकमा पेश गर्नु भएको तिनाउ गाउँपालिकाका विभिन्न योजनाहरुको अनुगमन प्रतिवेदन उपर छलफल गरी आगामी दिनमा उक्त प्रतिवेदनले दिएका सुझावहरु कार्यान्वयन गर्न विशेष ध्याद केन्द्रित गर्ने निर्णय गरियो ।

१४. तिनाउ गाउँपालिकाका उपाध्यक्षज्यूले कार्यपालिका बैठकमा पेश गर्नु भएको तिनाउ गाउँपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वय गर्न विभिन्न विद्यालयहरुको अनुगमन प्रतिवेदन उपर छलफल गरी आगामी दिनमा उक्त प्रतिवेदनले दिएका सुझावहरु कार्यान्वयन गर्न विशेष ध्याद केन्द्रित गर्ने निर्णय गरियो ।

१५. तिनाउ गाउँपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता महासंघ तिनाउले पेश गरेको कार्यक्रम सञ्चालनको प्रस्ताव उपर छलफल गरी आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत वन संरक्षणसँग सम्बन्धित कार्यक्रमहरुमा सहकार्य गरी कार्यक्रम गर्ने निर्णय गरियो ।